# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।१४ गते।

# प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

यातयात व्यवस्था कार्यालय, भरतपुर चितवनमा जाँचपास, परमिट, नवीकरण शाखामा कार्यरत कार्यालय सहयोगी इन्द्रजित गुरुङले घुस/रिसवत रकम लिएको भन्नेसमेत व्यहोराको प्राप्त सूचना एवं उजुरी निवेदनका आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगालबाट खटिई गएको टोलीले यातायात व्यवस्था कार्यालय भरतपुर, चितवनका कार्यालय सहायक (पाँचौं) ईन्द्रजित गुरुङको कार्यकक्षबाट रु.१,८५,०००।– नगदसहित निज ईन्द्रजित गुरुङलाई मिति २०८२।०२।३० गते नियन्त्रणमा लिइएको थियो।

अनुसन्धानको सिलसिलामा राष्ट्रसेवक प्रतिवादी ईन्द्रजित गुरुङले यातायात व्यवस्था कार्यालय भरतपुर चितवनबाट जारी हुने सेवाहरु पञ्जिकरण, ब्लुबुक, जाँचपास र परमिट नवीकरण लगायतका सार्वजनिक सेवा कार्यहरु गर्न गराउन सहजीकरण गरे गराए वापत सेवाग्राहीसँग घुस/रिसवत रु.१,६१,३४०।- माग गरी आफू कर्मचारी भएकोले समस्यामा पर्छु भनी जानी बुझी भ्रष्टाचारको कसूर छल्न कार्यालयको कर्मचारी नरहेको र जिम्मेवारी नपाएको बाहिरी व्यक्तिलाई कार्यालयमा करार नियुक्ति दिने भनी झुट्टा आश्वासन दिई वदनियत गरी आफ्नो अनुकूलको गैरकानूनी कार्य (घुस रिसवतको रकम संकलन व्यवस्थापन) गर्न जानी बुझी ई-सेवा खातामा सेवाग्राहीबाट घुस/रिसवतको रकम जम्मा गर्न लगाई सोमार्फत उक्त घुस/रिसवतको रकम निज ईन्द्रजित गुरुङले आफ्नो सानिमा बैङ्कमा रहेको खातामा पटक-पटक गरी दाखिला गरे गराई उक्त घुस रिसवत रकम प्राप्त गरेको स्थापित भएकोले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिमको कसुरमा बिगो रु.१,६१,३४०।- (एक लाख एकसठ्ठी हजार तीन सय चालीस रुपैयाँ मात्र) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ग) बमोजिम कैद र सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजाय हुन मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

सहायक प्रवक्ता  
गणेश बहादुर अधिकारी